# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

अर्जुनचौपारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्जुनचौपारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

बैठक सं. ४४
मिति: २०८२/०४/१८

**एजेण्डाहरु:**

१. समीक्षा सम्बन्धमा।
२. विपद् व्यवस्थापन पूर्व तयारी सम्बन्धमा।
३. आर्थिक वर्ष २०८१/०८२ को आय व्यय प्रतिवेदन सम्बन्धमा।
४. वार्षिक समीक्षा सम्बन्धमा।
५. आयोजनाहरुको ठेक्का प्रक्रिया सम्बन्धमा।
६. शाखागत कार्ययोजना सम्बन्धमा।
७. उपभोक्ता समिति गठन सम्बन्धमा।
८. तेस्रो चौमासिक/वार्षिक सार्वजनिक सुनुवाइ सम्बन्धमा।
९. सेवा प्रवाह मापदण्ड प्रतिवेदन स्वीकृति सम्बन्धमा।
१०. दररेट स्वीकृत सम्बन्धमा।
११. विविध।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा कार्यान्वयन भएका कार्यक्रम तथा गतिविधिहरूको प्रगति, उपलब्धि र चुनौतीहरूको समीक्षा गरियो। छलफलका क्रममा स्रोतसाधनको उपयोग, सेवा प्रवाहको प्रभावकारिता, योजनाको समयमै कार्यान्वयन तथा पारदर्शिता सुनिश्चित गर्न आगामी वर्षका लागि आवश्यक सुधारात्मक कदमहरू अपनाउने निर्णय सर्वसम्मत रूपमा गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा मन्सुनजन्य विपदबाट हुन सक्ने जोखिमलाई मध्यनजर गर्दै अर्जुनचौपारी गाउँपालिका भित्र विपद् व्यवस्थापन कार्यका लागि विपद् राहत उद्धार सामाग्री खरिद गरी आवश्यकता अनुसार प्रहरी चौकी तथा गाउँपालिका कार्यालय, वडा कार्यालयमा राख्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

अर्जुनचौपारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अर्जुनचौपारी, स्याङ्जा गण्डकी प्रदेश, नेपाल २०७३

बैठक सं. ४४
मितिः २०८२/०४/१८

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक आय-व्यय प्रतिवेदन माथि विस्तृत छलफल एवं समीक्षा गर्दा नीति तथा कार्यक्रमअनुरूप आय-व्यय कार्यान्वयन भएको देखिएकोले उक्त प्रतिवेदनलाई स्वीकृत गरी प्रतिवेदनमा उल्लेखित आगामी वर्षहरूमा आय-व्यय व्यवस्थापनमा अझ पारदर्शिता, कार्यक्षमता र प्राथमिकतापूर्ण कार्यक्रम सञ्चालनमा जोड दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को शाखागत वार्षिक समिक्षा कार्यक्रम मिति २०८२/०५/२८ गते अर्जुनचौपारी गाउँपालिका प्रशासकीय भवनको सभाहलमा आयोजना गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बार्षिक विकास कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका आयोजनाहरुको ठेक्का आव्हान सर्वसम्मत निर्णय गरियो।

**तपसिलः**

| सि.नं. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १ | अर्जुनचौपारी १ स्थित बिरौटा माझपाटा सडक निर्माण | |
| २ | अर्जुनचौपारी १ स्थित बिरौटा कौडाँडा माझपाटा सडक स्तरोन्नति | |
| ३ | बासटारी-थापाथोक-दारेगौडा हुँदै जिमिरे जोड्ने सडक स्तरोन्नति | |
| ४ | अर्जुनचौपारी-नरभञ्ज्याङ्-स्याङ्जा बजार सडक निर्माण | |
| ५ | अर्जुनचौपारी-नरभञ्ज्याङ्-स्याङ्जा बजार सडक निर्माण | |

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका विभिन्न शाखाहरूको वार्षिक कार्ययोजना उपर विस्तृत छलफल गरियो। छलफलका क्रममा प्रत्येक शाखाबाट प्रस्तुत कार्ययोजनाको समीक्षा गरी सो कार्ययोजनामा समेटिएका कार्यक्रम तथा गतिविधिहरू समयसीमा भित्र गुणस्तरीय रूपमा तथा उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गर्दै कार्यान्वयन गर्न सम्बन्धित शाखा प्रमुखहरूलाई आवश्यक निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

अर्जुनचौपारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अर्जुनचौपारी, स्याङ्जा गण्डकी प्रदेश, नेपाल २०७३

बैठक सं. ४४
मितिः २०८२/०४/१८

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ का लागि अर्जुनचौपारी गाउँपालिका गाउँसभाको १७ औं अधिवेशनबाट पारित भएका योजनाहरुको मिति २०८२ भाद्र मसान्त भित्र उपभोक्ता समिति गठन गरी योजना सम्झौता प्रकृया अगाडी बढाउने साथै उपभोक्ता समितिबाट निर्माण गरेका योजनाहरु फाल्गुण मसान्त भित्र सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको तेस्रो चौमासिक/वार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रम मिति २०८२/०५/२९ गते अर्जुनचौपारी गाउँपालिका गाउँ कार्यपालिकाको प्रशासकीय भवनमा आयोजना गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको सेवा प्रवाह मापदण्ड प्रतिवेदन, २०८२ विस्तृत छलफल गरी उक्त प्रतिवेदनको समीक्षा गर्दा सो प्रतिवेदनले सेवा प्रदान गर्ने प्रक्रियामा पारदर्शिता, समयबद्धता र पहुँच सुधार गर्ने व्यवस्था समेटेको देखिएकोले प्रस्तुत सेवा प्रवाह मापदण्ड प्रतिवेदन स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा दररेट निर्धारण समिति स्याङजाले आर्थिक वर्ष २०८२/०८३ का लागि निर्धारण गरेको स्याङ्जा जिल्लाको जिल्ला दररेट सर्वसहमत स्वीकृत गरी लागू गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ (क) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाभित्रका सम्पूर्ण वडामा जग्गा वर्गीकरण सम्बन्धी कार्य सम्पन्न भएकोमा केही वडाहरूमा जग्गा वर्गीकरण हुन छुट भएकोमा छुट भएका जग्गाहरूलाई वर्गीकरणका लागि सम्बन्धित निकायमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

अर्जुनचौपारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अर्जुनचौपारी, स्याङ्जा गण्डकी प्रदेश, नेपाल २०७३

बैठक सं. ४४
मितिः २०८२/०४/१८

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ (ख) माथि छलफल गर्दा यस कार्यालयमा रोजगार सेवा केन्द्रमा प्राविधिक सहायक पदमा कार्यरत कर्मचारीलाई निजको सेवा प्रवाह र कार्यसम्पादनका आधारमा साथै श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम सिंहदरबार काठमाडौंको च.नं. ४१९ मिति २०८२/०२/०१ गतेको आवश्यकताका आधारमा जनशक्ति व्यवस्थापन गर्नु हुन भन्ने पत्रानुसार रोजगार सेवा केन्द्रमा प्राविधिक सहायक पदमा कार्यरत कर्मचारीलाई पालिकाको समान योग्यता र समान तह सवइन्जिनियर पदमा जनशक्ति व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ (ग) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाले स्थानीय स्तरमा उपलब्ध जडीबुटीको स्रोत पहिचान, सङ्कलन तथा खरिद गरी गाउँपालिकाभित्र रहेका आयुर्वेद औषधालयहरूलाई अत्यावश्यक चुर्ण औषधि तथा बातसामक तेल उत्पादनको लागि आवश्यक व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ (घ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेका गौशालामा पशु आहारको अभाव भई सञ्चालनमा कठिनाइ उत्पन्न भएको हुँदा उक्त गौशाला सञ्चालनका लागि आवश्यक सहयोग पाउँ भनी प्राप्त निवेदनको आधारमा, अर्जुनचौपारी गाउँपालिकाले सञ्चालन गरेको नवग्रह कृषि फर्मबाट उत्पादन भएको मकै गौशालालाई सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ (ङ) माथि छलफल गर्दा स्वतन्त्र विद्यार्थी युनियन त्रिभुवन बहुमुखी क्याम्पस स्याङ्जाद्धारा महिलाहरुको महान पर्व हरितालिका तीजको अवसमा मिति २०८२ भाद्र ७ गते शुभकामना आदान प्रदान तथा दरखाने कार्यक्रमका लागि आवश्यक सहयोग गरिदिनु हुन भनि प्रस्तावना पेश गरेको हुँदा उक्त कार्यक्रमका लागि कार्यक्रम खर्च शीर्षकबाट रु १०,०००। (दश हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४४
मिति: २०८२/०४/१८

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ (च) माथि छलफल गर्दा मिति २०८२/०४/१६ र १७ गते आएको अविरल वर्षाका कारण अर्जुनचौपारी गाउँपालिका वडा नं. ३ निवासी टिकाराम काफ्लेको घर भत्किएको हुँदा आवश्यक आर्थिक सहयोग गरिदिनु हुन भनी सम्बन्धित वडा कार्यालयको सिफारिस प्राप्त भएको हुँदा निजको घर संरक्षणका लागि राहत तथा पुननिर्माण शीर्षकबाट रु १०,०००।(दश हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ (छ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ३ निवासी ना.प्र.नं. १०१८३ का खडानन्द पौडेल विगत १ वर्षदेखि गम्भीर बिरामी भई ओछ्यानमा रहेका साथै निजको परिवारको आर्थिक अवस्था कमजोर रहेको हुँदा उपचारका लागि आवश्यक आर्थिक सहयोग उपलब्ध गराईदिनु भनी सम्बन्धित वडा कार्यालयको सिफारिस प्राप्त भएकाले निजको उपचारका लागि अन्य सामाजिक सहायता शीर्षकबाट रु. १०,००० (दश हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ (ज) माथि छलफल गर्दा संघीय सरकार एवम् प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) AI Based Learning विद्यालय शिक्षा सुधार कार्यक्रम सञ्चालनका लागि १ जना अधिकृत स्तर छैटौं तहको डिजिटल साक्षरता अधिकृत पदमा यसै कार्यक्रमबाट सेवा सुविधा प्रदान गर्ने गरी सेवा करार/कार्यक्रम करारमा कर्मचारी भर्ना गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ (झ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक विकास कार्यक्रम अन्तर्गत आमा समूह/युवा क्लब/जेष्ठ नागरिक समूहका लागि विनियोजन भएको रु २० लाख बजेटबाट मागमा आधारित तपसिल बमोजिमका कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिलः</u>

| सि.नं. | कार्यक्रम | बजेट |
|---|---|---|
| १ | ५० प्रतिशत अनुदानमा बर्खे बिउबिजन वितरण कार्यक्रम | १,५०,००० |
| २ | ५० प्रतिशत अनुदानमा प्याजको बिउ वितरण कार्यक्रम | १,००,००० |
| ३ | ५० प्रतिशत अनुदानमा आलुको बिउ वितरण कार्यक्रम | ९,००,००० |

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४४

मिति: २०८२/०४/१८

| | | |
|---|---|---|
| ४ | महिला सशक्तीकरण/कला संस्कृति जगेर्ना तथा तिज विशेष कार्यक्रम | २,५०,००० |
| ५ | ५० प्रतिशत अनुदानमा सामाग्री वितरण कार्यक्रम | ४,००,००० |
| ६ | युवा क्लब, बालक्लब, जेष्ठनागरिक विशेष कार्यक्रम | २,००,००० |
| | **कूल जम्मा** | **२०,००,०००** |

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ (ञ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्ययोजना तथा खरिद योजना/गुरुयोजना माथि छलफल गरी सर्वसम्मत स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

धन बहादुर गुरुङ
प्रवक्ता